
NEPALI

जनवरी 16, 2024




अभिवादन छ,

मैले आशा गरेको छु कि यो अत्यन्तै जाडो मौसममा सबैजना सुरक्षित, न्यानो, र सुक्खा बस्नुभएको छ ।

हाम्रो मौसम साझेदारहरू तथा सञ्चालन कर्मचारीहरूसँग दिनभरि छलफल गरेपछि, DeKalb County School District ले बुधवार, जनवरी 17 मा सबै विद्यालयहरू नियमित सञ्चालनको लागि पुन: खोल्न तयार छन् भनेर निर्धारण गरेको छ ।

आज, सञ्चालन कर्मचारी तथा अन्य कर्मचारीहरूले विद्यालयहरूको भ्रमण गरेका थिए । उनीहरूको भ्रमणको उदेश्य उनीहरू विद्यार्थीहरू तथा कर्मचारीहरूलाई स्वागत गर्न तथा सबैलाई न्यानो, सुरक्षित, र सुक्खा राख्न तयार छन् भनेर सुनिश्चित गर्नु थियो । बिहान चिसो तापक्रमको अपेक्षा गरिएको हुनाले, हामी परिवारहरूलाई आफ्ना विद्यार्थीहरूले स्कूलको यात्रा गर्दा वा बस स्टपहरूमा पर्खिरहेको समयमा न्यानो लुगा लगाउँछन् भनेर सुनिश्चित गर्न आग्रह गर्दछौं ।

परिवारहरूलाई वास्तविक समयमा आफ्नो विद्यार्थीको बसको स्थान पत्ता लगाउन र बस आउने सही समय थाहा पाउन निःशुल्क *Edulog Parent Portal App* डाउनलोड गर्न पनि सिफारिस गरिन्छ । यो एप यहाँ छ: https://www.dekalbschoolsga.org/parents/edulog-parent-portal/

DCSD हिजोको MKL दिवसको अवसरको बारेमा पनि कुरा गर्न चाहन्छ । Rev. Dr. Martin Luther King, Jr को विरासतको सम्मान गर्दै, हामी न्याय, समानता र अहिंसाको उहाँको सन्देशबाट निरन्तर रूपमा प्रेरणा लिन्छौं, जसले हाम्रो H-PRIDE को मूल्यमान्यतालाई प्रतिध्वनि गर्दछ ।

हामीले आशा गरेका छौं कि हाम्रो DCSD समुदायले Dr. King को सन्देशको सारसँग जोड्ने अर्थपूर्ण तरिकाहरू फेला पारेको छ, चाहे सोचविचार, शिक्षा वा स्थानीय कार्यक्रमहरूको सहभागिता मार्फत ।

हरेक दिनलाई थप समावेशी र समानुभूतिपूर्ण संसारलाई बढवा दिने अवसरको रूपमा अँगालेर MLK दिवसको भावनालाई अगाडि बढाऔं ।




**तपाईंको आवाज, हाम्रो भविष्य !**

DeKalb County School District हाम्रो 2024-2029 को रणनीतिक योजना बनाउने यात्रामा निक्लन लागेको छ, र हामी सबै विद्यार्थीहरू, अभिभावकहरू, कर्मचारीहरू, तथा समुदायका सदस्यहरूलाई हाम्रा विद्यालयहरू तथा समुदायको परिकल्पनालाई आकार दिन सहयोग गर्न आग्रह गरिरहेका छौं ।

रणनीतिक योजना सरोकारवाला सर्वेक्षण भर्न कृपया दल दिइएको चित्रको QR कोड स्क्यान गर्नुहोस् वा https://bit.ly/3SdUJq3https://bit.ly/3SdUJq3 मा जानुहोस् ।

सँगै, हामी उत्कृष्टताको लागि अवरोध गरिरहेका छौं । संवादमा जोडिनुहोस्, र यस्तो भविष्य डिजाइन गरौं जसलाई सबैले विश्वास गर्छन् ।



Hitting The Road With Horton (हर्टनको साथको यात्रा) - Murphy Candle ES
https://www.youtube.com/watch?v=QMebjCtCgiMhttps://www.youtube.com/watch?v=QMebjCtCgiM




Hitting The Road With Horton - Murphy Candler ES (Spanish)
https://www.youtube.com/watch?v=Xpu84NUoFc0https://www.youtube.com/watch?v=Xpu84NUoFc0

DeKalb County School District

CSI, Promise, तथा TSI सुधारको सूचीबाट बाहिरिएका 16 DCSD विद्यालयहरूलाई बधाई छ । म विद्यार्थीको दक्षता बढाउन प्रतिबद्ध र समर्पित भएकोमा हाम्रा प्रिन्सिपलहरू र विद्यालय समुदायहरूको प्रशंसा गर्दछु । हामी सङ्घीय पहिचान सूचीबाट बाहिरिएका विद्यालयहरूलाई उनीहरूले निरन्तर रूपमा सुधार गरुन् र उनीहरू सुधार सूची बाहिर रहून् भनेर सुनिश्चित गर्नका लागि निरन्तर रूपमा सर्वोपरि सहयोग प्रदान गरिरहने छौं । यो उपलब्धिको बारेमा थप जानकारी प्राप्त गर्न, यहाँयहाँ क्लिक गर्नुहोस् ।



डिस्ट्रिक्टले विद्युतीय स्कूल बसहरू खरिद गर्न कोष प्राप्त गरेको थियो । गत हप्ता यसको खुसीयालीमा एउटा कार्यक्रम आयोजना गरिएको थियो र उक्त कार्यक्रममा हामीसँग सामेल हुनुभएको EPA र निर्वाचित अधिकारीहरूलाई धन्यवाद छ ।

https://www.youtube.com/watch?v=EaFrTbpK49Yhttps://www.youtube.com/watch?v=EaFrTbpK49Y

प्रेस कन्फरेन्सको फोटोहरू हेर्न, यहाँ क्लिक गर्नुहोस्: https://flic.kr/s/aHBqjB9K2M




हाम्रो पहिलो IGNITE Teacher Resident समूहलाई बधाई छ !

DCSD का कक्षाकोठाहरूको लागि उच्च गुणस्तरीय शिक्षकहरू तयार पार्ने हाम्रो परिवर्तनकारी निःशुल्क डिस्ट्रिक्ट प्रायोजित Teacher Residency कार्यक्रममा सहभागी हुनका लागि 600 आवेदकहरूबाट 50+ विद्यार्थीहरू छनौट गरिएको थियो ।

हाम्रा IGNITE Residents के हासिल गर्छन् ?

- सहभागीहरूका लागि गहन तालिम तथा निःशुल्क स्नाकोत्तर डिग्री ।
- तालिमका दौरान $30,000 को जीवननिर्वाह सहायता ।
- $57,000 को न्यूनतम सुरुवाती तलवको साथमा DCSD मा अध्यापन पदको ग्यारेन्टी ।

देशमा शिक्षक अभाव कायम रहेसम्म प्रत्येक छ महिनामा नयाँ समूह छनोट गरिनेछ । यहाँ गएर कार्यक्रम तथा परिकल्पनाको बारेमा थप जानकारी प्राप्त गर्नुहोस: https://bit.ly/3R09eNyhttps://bit.ly/3R09eNy


School Dis
DACOSTA, SR.
RICT 6

2024 को DeKalb County Board of Education को अध्यक्ष तथा उपाध्यक्षको रूपमा फेरि निर्वाचित भएकोमा समितिका अध्यक्ष DaCosta तथा उपाध्यक्ष Pierce लाई बधाई छ । थप जानकारी पढ्न, कृपया यहाँयहाँ क्लिक गर्नुहोस् ।




यसअघिका सबै शिक्षा बोर्ड टाउन हल बैठकबाट संवाद हेर्न यो लिङ्कमा क्लिक गर्नुहोस्:
https://www.dekalbschoolsga.org/students/d3-dialogue-with-district-leaders/

बैठकहरूको रेकर्डिङहरू हेर्न, कृपया यो लिङ्क क्लिक गर्नुहोस्:
https://vod.dekalbschoolsga.org/CablecastPublicSite/gallery/7?channel=1

NEPALI



DCSD को 2023-2024 को उत्कृष्ट प्रिन्सिपल बन्न सफल भएकोमा Redan High School की प्रिन्सिपल सुश्री. Vitella Dodson लाई बधाइ छ ! उनको अविस्मरणीय यात्राको बारेमा थप पढ्न, यहाँयहाँ क्लिक गर्नुहोस् ।



Real Men Read - Columbia ES

https://www.youtube.com/watch?v=EscCE9-CAvAhttps://www.youtube.com/watch?v=EscCE9-CAvA




Real Men Read - Columbia ES (Spanish)

https://www.youtube.com/watch?v=Uh4NPH026p8https://www.youtube.com/watch?v=Uh4NPH026p8










Salem Middle School को Real Men Read कार्यक्रममा सहभागी भएका प्रत्येक पुरुषलाई धन्यवाद छ । हाम्रा विद्यार्थीहरूसँग संलग्न हुन यति धेरै पुरुषहरू आएको देख्दा अचम्म लाग्यो । हामी तपाईंको समय, समर्पण, र साझेदारीको कदर गर्छौं । हामीले आशा गरेका छौं की DeKalb काउन्टीका हाम्रा सामुदायिक नेताहरूसँगको यो साझेदारीले निरन्तरता पाउँछ । यो उत्कृष्ट कार्यक्रमबाट थप फोटोहरू हेर्न, कृपया यहाँयहाँ क्लिक गर्नुहोस् ।






यदि तपाईं Georgia को बासिन्दा हुनुहुन्छ र High School Equivalency (GED) हासिल गर्न चाहनुहुन्छ, वा अङ्ग्रेजी भाषाका सीपहरू सुधार गर्न चाहनुहुन्छ भने, तपाईंलाई DCSD वयस्क शिक्षा कार्यक्रममा सहभागी हुन आमन्त्रित गरिएको छ । यस कार्यक्रमले बिहान र साँझ नि:शुल्क कक्षाहरू प्रदान गर्दछ जसले वयस्क विद्यार्थीहरूलाई GED प्राप्त गर्न, रोजगारीको लागि आवेदन दिन, र/वा उनीहरूको अङ्ग्रेजी भाषाका सीपहरू सुधार गर्न सहयोग प्रदान गर्दछ । दर्ता गर्न, जनवरी 16, 2024 भित्रमा https://bit.ly/DCSD-GED-ESL मा जानुहोस् Ihttps://bit.ly/DCSD-GED-ESL मा जानुहोस् । थप जानकारीका लागि, कृपया वयस्क शिक्षा कार्यक्रमको थप जानकारीका लागि, कृपया वयस्क शिक्षा कार्यक्रमको पर्चा हेर्नुहोस् । इच्छुक परिवार तथा साथीहरूलाई पठाउनुहोस् ।





उज्यालो छर्नुहोस्
लडाई अन्त्य गर्नुहोस्
मानव वेचविखन रोक्नुहोस्

जनवरी 11, 2024 – जनवरी 31, 2024



जनवरी महिना मानव बेचबिखन रोकथाम महिनाको रूपमा निर्धारित गरिएको छ । स्कूल डिस्ट्रिक्टको रूपमा, हामी "लडाइ अन्त्य गर्न/ मानव बेचबिखन रोक्न उज्यालो छर्छौं ।" हाम्रो मानव बेचबिखन रोकथाम टोलीले हाम्रा विद्यार्थीहरू, अभिभावकहरू, समुदायका सरोकारवालाहरू, तथा सबै कर्मचारीहरूका लागि क्रियाकलापहरू बनाएको छ । थप जानकारी हासिल गर्न, यहाँयहाँ क्लिक गर्नुहोस्




पर्चामा रहेको QR कोड स्क्यान गरेर अहिले नै आवेदन दिनुहोस् वा https://bit.ly/3hvkfrghttps://bit.ly/3hvkfrg मा जानुहोस्।